छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
छिन्नमस्ता, सप्तरी
Chhinnamasta, Saptari
प्रदेश नं.२, नेपाल
Province no.2, Nepal
Website:www.chhinnamastamun.gov.np

प.स.(Letter No):२०७८/०७९
चलानी नं.(Ref No.): १६६

मिति(Date):२०७८/०५/१७

बिषय :राय प्रतिक्रिया सहितको लिखित जवाफ पेश गर्ने सम्बन्धमा।

श्री जितेन्द्र कुमार झा (सहायक चौथौ)
छिन्नमस्ता गाउँपालिकाको कार्यालय,ससरी ।

प्रस्तुत बिषयमा तपाईले यस गाउँपालिका कार्यालयको जिन्सी शाखाको कामकाज गर्दै आईरहनु भएकोमा बिगत देखि' नै जिन्सी शाखामा पारदर्शिता नरहेको र आफु खुशी स्वेच्छाचारी ढंगले जिन्सी सामानहरु प्रक्रिया पुरा नगरी खरिद गर्दै आईरहनुभएको जनगुनासो समेतका आधारमा गाउँपालिकाको अध्यक्षज्युले पटकपटक तपाई लाई जिन्सी शाखा संग सम्बन्धित जिन्सी सामग्रीहरुको अभिलेख तथा हरहिसाब मांग गर्दा तपाईले पत्र नै नबुझी अटेर गर्दै आईरहनु भएकोमा तत्कालिन यस कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृतले तपाईलाई जिन्सी शाखाको कार्य जिम्मेवारी बाट हटाई अर्को ब्यबस्था नहुन्जेल समय सम्मको लागि यस कार्यालयका ले.पा श्री बालगोविन्द साहलाई दिईएकोमा समेत तपाईले अटेर गरि पत्र नै नबुझी अटेर गर्दै आईरहेकोमा बाध्य भएर पुनः यस कार्यालयको च नं ८६ मिति २०७८/०४/२४ गतेको पत्रबाट तपाईलाई जिन्सी शाखाको कार्य जिम्मेवारी बाट हटाई कार्य जिम्मेवारी दिईएका जिन्सी शाखा प्रमुख लाई जिन्सी शाखा संग सम्बन्धित सम्पूर्ण श्रेस्ता ,अभिलेख ,कागजात लगायतका जिन्सी सामग्रीहरु ५ (पाँच) दिन भित्र नियामानुसार बरबुझारथ गर्नु हुन लिखित रुपमै अनुरोध गरिएकोमा तपाईले बरबुझारथ नगरी आलटाल गरिरहेको कारणले कार्यालयको कामकाज प्रभावित हुन पुगेको अवस्थामा समेत तपाईले बारम्बार कार्यालयले लाए अह्राएको दिईएको जिम्मेवारी पुरा नगरी आफु खुशी स्वेच्छाचारी ढंगले मनोमानी गर्दै आईरहनु भएकोले यो पत्र लेख्ने कार्य भएको छ ।

तसर्थ तपाईलाई कार्यालयले लाए अह्राएको दिईएको कार्य जिम्मेवारी पुरा नगर्नुको कारण के होला ? यसरी कार्यालयले दिएको कार्य जिम्मेवारी पुरा नगर्न मिल्छ र ? यदि मिल्छ भने मिल्ने आधारहरु के-के होलान ? यदि मिल्दैन भने तपाई लाई कारवाही गर्ने कि नगर्ने ? यदि कारवाही नगर्ने हो भने किन नगर्ने ? उपरोक्त अनुसार को व्यहोरा को राय प्रतिक्रिया सहितको लिखित जवाफ ३ दिन भित्र पेश गर्नु हुन जानकारी गराउनका साथै उक्त म्याद भित्र लिखित जवाफ पेश नभएमा र बरबुझारथ नगरेमा कानुन अनुसार आवश्यक थप कारवाही भै जाने व्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराईन्छ ।

..............
अशोक कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
१ )श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार काठमाण्डौ।
२ )श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,इटहरी सुनसरी।
३ ) श्री जिल्ला प्रशासन कार्यालय राजविराज ससरी ।
(४) श्री अध्यक्ष ज्यु,छिन्नमस्ता गाउँपालिका ससरी ।

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं(Contact No.) :-९८५२८२१५६७(9852821567)